# नेपाल शान्ति तथा विकास रणनीति
# २०१०-२०१५

विकास योजना निर्माणमा नेपालका अन्तरराष्ट्रिय विकास साझेदारहरूको योगदान

जनवरी २०११

# प्राक्कथन

*हामी सबैले शान्ति र विकासलाई एउटै सिक्काका दुई पाटा हुन् भन्ने लोकोक्तिसँग जोड्दै आएतापनि यस विचारलाई मूर्त गतिविधिमा ढाल्नु कठिन हुन्छ । नेपालका प्रमुख विकास साझेदारहरुले सरकारी पदाधिकारीहरु, गैर-सरकारी संस्थाहरु, प्राज्ञिक क्षेत्र र अन्य व्यक्तिहरुको प्रतिनिधित्व र परामर्शमा तयार पारेको यस शान्ति तथा विकास रणनीतिले त्यही यथार्थतालाई महत्वकासाथ उजागर गरेको छ । साथै यसले विशिष्ट कार्यहरुको तहसम्म पुग्दै विकास सहयोगका सम्भावित क्षेत्रहरुसमेत पहिल्याएको छ । विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका प्रावधानहरुको दृष्टिकोणबाट हेर्दा यस रणनीतिमा उल्लेखित कार्यसूची सन् २००६ नोभेम्बरमा हाम्रा नेताहरुले सहमति जनाएका प्रतिवद्धतालाई मूर्त रुप दिन सहयोगी हुन्छ । नेपालमा दिगो शान्ति स्थापना गर्नका लागि अवश्य मद्दत गर्नेछ । यसै दिगो शान्तिको अवधारणालाई विकास योजना र लगानीहरुले नेपालको जारी ऐतिहासिक संक्रमण प्रक्रियामा उचित स्थान पाउनु पर्छ भन्ने कुरा नेपाल सरकारले पनि मनन् गरेको छ । विकासका 'नियमित' प्रयासबाट सबैको एकसमान प्रगति हुन्छ र सबै असन्तुष्टिहरु समयसँगै सम्बोधन हुँदैजानेछन् भन्नु पर्याप्त हुँदैन । बरु हाम्रा नागरिकहरुले त्यस्ता सरकारी नीतिहरु अपेक्षा गरेका हुन्छन् जसले हाम्रा ताजा अवस्थाहरुसँग सम्बन्धित कतिपय चुनौतीहरुलाई सम्बोधन गर्नेछन् । जस्तै समता र समावेशीकरणका सवालहरुप्रति गहनतम ध्यान दिइनुपर्ने विषय, विधिको शासनलाई सुदृढ तुल्याउने विशेष प्रयासहरु र धेरै युद्ध-प्रभावितहरुका आकांक्षालाई सम्वोधन गर्ने सन्तोषजनक कार्यक्रमहरु । हाम्रो नयाँ तीन बर्षीय योजनाले (२०१०/११-२०१२/१३) यो लक्ष्य प्राप्ति गर्ने तर्फ प्रयास गरेको छ । फलस्वरुप, ढाँचागत हिसाबमा यस शान्ति तथा विकास रणनीति र सरकारको आगामी तीन बर्षको योजना खाकाको बीचमा राम्रो संगति देखिन्छ ।*

*यस शान्ति तथा विकास रणनीतिले पनि हाम्रा अगाडिको कार्यको जटिलतालाई उत्तिकै महत्वका साथ आत्मसात् गरेको छ । सहस्राब्दी विकास लक्ष्यतर्फ गरेको नेपालको प्रगतिसम्वन्धी पछिल्लो सुखद खबर तथा विगत ३० बर्षमा मानव विकास सूचकाङ्कमा यसले हासिल गरेको असाधारण प्रगतिलाई रचनात्मक रुपमा मनन गर्ने र यो प्रगतिलाई अझ धेरै नागरिकसम्म पुऱ्याउने कुराप्रति गम्भिर हुनुपर्दछ ।*

*विस्तृत शान्ति सम्झौतामा उल्लेखित केही महत्वपूर्ण कार्यहरुका बारेमा पनि थप छलफल गर्नु आवश्यक रहेको छ, जसमध्ये सम्बोधन गरिनुपर्ने अधिकांश कार्य हाम्रो अगाडि विद्यमान छ । उदाहरणको लागि नयाँ संघीय राज्य संरचनाको प्रारुप, अथवा सत्य निरुपण तथा मेलमिलाप आयोगको सञ्चालन प्रक्रिया जस्ता कुराहरु अझै अस्पष्ट छन् । समय अन्तरालसँगै यी प्रश्नहरुका जवाफ उपलब्ध हुनेछन् । जब हामी त्यस्ता दूरगामी निर्णयहरुको कार्यान्वयन गर्ने कार्यमा जुट्छौं, आव्हान गरिएको खण्डमा हाम्रा विकास साझेदारहरुले हामीलाई सहयोग गर्नेछन् भन्ने कुराप्रति हामी विश्वस्त छौं । यस शान्ति तथा विकास रणनीतिले जारी सहकार्यसम्बन्धी एक महत्वपूर्ण प्रारुप प्रदान गरेको छ ।*

*जगदीशचन्द्र पोखरेल, पीएच.डी*
*उपाध्यक्ष*
*राष्ट्रिय योजना आयोग*

# प्राक्कथन

नेपालका विकास साझेदारहरु नेपालले आफ्ना बाटो आफै तय गर्नुपर्ने आवश्यकताप्रति अत्यन्तै सचेत छन् । तय गरिनुपर्ने त्यस्ता विषयहरुमा कठिन सामाजिक, राजनैतिक र आर्थिक मुद्दाहरुको स्थानीय र व्यावहारिक समाधान खोज्न र आत्मसात गर्न लाग्ने समय प्रदान गर्न पनि तयार छन् । नेपालको विकासको छ दशक लामो यात्रामा कमाएको मित्रता, सद्भाव र साझा सफलता तथा निराशाहरुको मिश्रित अनुभवको आधार अझ बलियो बनाउँदै विकास साझेदारहरु यो देश तिब्रताकासाथ सफल भएको देख्न चाहन्छन् ।

सम्भवतः यो पनि साँचो हो कि विकास साझेदारहरुले नेपालको दृश्यमान हुँदै गरेको संक्रमणकाललाई अहिले चिन्ता र उत्साहकासाथ नियालिरहेका छन् । त्यस्तो चिन्ताको जन्म नेपालले आफ्नो लागि तय गरेको शान्तिसम्बन्धी कार्यसूचीको जटिलताबाटै भएको छ । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको पाँचौं बर्षमा प्रवेश गर्दा सम्म पनि जनआकांक्षाहरुलाई व्यवस्थापन गर्न नेपाली नेताहरुका सामु चुनौतीहरु रहिरहनु पनि चिन्ताको कारण बनेको छ । प्रतिस्पर्धी प्राथमिकताहरुका बीच प्रतिफल हासिल गर्न स्वदेशी र विदेशी सबैमा रहेको दबाब र सहायता स्रोतमाथि परेका दबाबहरुका कारण पनि यो मुद्दा चिन्ताको विषय बन्न गएको छ । साथसाथै नेपालका सामु विद्यमान विकासका अवसरहरुका कारण विकास साझेदारहरुमाझ उल्लेख्य मात्रामा उत्साह पनि छ । किनकि नेपाल अहिले विकासको पूर्ण सम्भावनाको ढोका खोल्ने र सामाजिक तथा राजनैतिक उथलपुथलको त्यो अँध्यारो कालखण्डको ढोका बन्द गर्ने प्रतिज्ञासहितको रुपान्तरणकारी एजेण्डाका साथ अघि बढेको छ ।

मुलतः यी विषयहरुले नै यस शान्ति तथा विकास रणनीतिलाई एउटा प्रारुप प्रदान गरेका छन् । यो रणनीति विस्तृत शान्ति सम्झौतामा उल्लेखित एजेण्डालाई साकार तुल्याउन आगामी वर्षहरुमा विकास साझेदारहरुले नेपाललाई कसरी सहयोग पुऱ्याउन सक्छन् भन्नेबारे उनीहरुको बढ्दो चासो तथा लगावका कारण जन्मिएको हो । बृहत शान्ति सम्झौतामै समावेश गरिएको विकासका एजेण्डा बिर्सन नहुने आवश्यकताबाट पनि यो प्रेरित छ । विकास सुनिश्चित गर्न शान्तिका प्राथमिकता अनुरुप स्रोतसाधनहरु छुट्टयाइनुपर्ने आवश्यकताबाट यो रणनीति ल्याइएको छ । आग्रह भएको खण्डमा केही अल्पकालीन चुनौतीहरुको समाधानमा सहयोग गर्न तथा यसमा उल्लेखित दीर्घकालीन कार्यसूचीमा प्रवेश गर्नका लागि विकासका लगानीहरु तयारी अवस्थामा छन् । पछिल्ला पृष्ठहरुमा विकास साझेदारहरुले आग्रह भएको खण्डमा जटिल एजेण्डामा कार्य गर्नका लागि गरेका प्रतिबद्धताहरू छन्, जसका लागि सबै पक्षहरुबाट धैर्यता, लचकता र उदारपनको आवश्यकता पर्नेछ ।

यो रणनीति राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थाहरु, राष्ट्रिय अन्तरराष्ट्रिय विषय विशेषज्ञहरु, संयुक्त राष्ट्रसंघीय निकायहरु, द्वीपक्षीय सहायता निकायहरु, अन्तरराष्ट्रिय वित्तीय संस्थाहरु, गैर-सरकारी संस्थाहरु, विचारकहरु र अन्य व्यक्तिहरुको व्यापक प्रतिनिधित्वमा तयार पारिएको हो । यो रणनीति निर्माणका क्रममा सरकारका विभिन्न निकायहरुसँगको छलफल तथा तिनबाट प्राप्त विचारले ठुलो मात्रामा सहयोग पुगेको छ । अमूल्य ज्ञान तथा विचारहरुका लागि हामी विशेष गरी राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्यहरुलाई धन्यवाद दिन चाहन्छौं । यो शान्ति तथा विकास रणनीति हाम्रो अगाडि रहेको उत्साहजनक शान्ति निर्माण कार्यमा नेपालका विकास साझेदारहरुले आफ्नो तर्फबाट खेल्ने भूमिका सुनिश्चित गराउने दिशामा अग्रसर हुनेछ भन्नेमा हामी आशावादी छौं ।

रोबर्ट पाइपर
संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधि तथा मानवीय संयोजक
(नेपालका विकास साझेदारहरुका तर्फबाट)

# सारसंक्षेप


नेपालको विस्तृत शान्ति सम्झौताले समता, समावेशीकरण, जवाफदेहिता, असल शासन र राज्यको पुनर्संरचनासम्बन्धी आफ्नो महत्वाकांक्षी र रूपान्तरणकारी एजेण्डाको माध्यमबाट नेपालका विकास साझेदारहरूका लागि शान्ति निर्माणसम्बन्धी एउटा खाका प्रस्तुत गरेको छ । राजनीतिक दस्तावेजमा विस्तृत व्याख्या गरिएका यी 'कारक तत्वहरू'लाई दीर्घकालीन विकास प्रक्रिया र कार्यक्रमहरूको माध्यमबाट ठोस रूपमा सम्बोधन गरिनुपर्दछ । यही वास्तविकतालाई स्वीकार्दै नेपालका विकास साझेदारहरूले यो शान्ति तथा विकास रणनीतिको तर्जुमा गरेका छन् । रणनीतिले विस्तृत शान्ति सम्झौताको कार्यान्वयनलाई मद्दत गर्न नेपालका विकास साझेदारहरू कसरी मिलेर काम गर्न सक्छन् भन्ने विषयमा एउटा खाका उपलब्ध गराउने उद्देश्य राखेको छ । यसले आर्थिक सहयोग तथा विकास सङ्गठन (ओ इ सी डी)को विकास सहयोग समिति (डि ए सी)ले पहिचान गरेको शान्ति निर्माण कार्यमा हुनसक्ने जोखिमहरुलाई सम्बोधन गर्ने प्रयास गरेको छ । यी जोखिमहरु सम्बोधन नगर्ने हो भने नेपालले शान्ति निर्माणका धेरै अवसरहरु गुमाउन सक्छ । यस रणनीतिले 'विकास' र 'शान्ति' कुन विन्दुमा एक आपसमा मिल्छन् भन्ने कुरालाई स्पष्ट गर्दछ, जसबाट विकास साझेदारहरूले शान्ति निर्माणसम्बन्धी प्राथमिकताहरूलाई उनीहरूका रणनीतिक योजनाहरूमा समावेश गरी आवश्यक स्रोत छुट्ट्याउन सक्नेछन् र सहयोगका लागि आग्रह गरिएको अवस्थामा योगदान पुऱ्याउन सक्नेछन् । रणनीतिले साझेदारहरूलाई उनीहरूका समन्वयसम्बन्धी व्यवस्थाहरूको पुनरावलोकन गर्न र शान्ति निर्माणका केही निर्दिष्ट चुनौतीहरूको सामना गर्न आफ्नो कार्यशैलीलाई कहाँ अनुकूलन गर्न सकिन्छ भन्ने विषयमा सहयोग पुऱ्याउँछ । सबैभन्दा महत्वपूर्ण रूपमा रणनीतिले तत्कालका सम्बोधन गर्नुपर्ने र स्वाभाविकरुपमा राजनीतिक प्राथमिकतामा पर्ने मुद्दामात्र नभई दीर्घकालीन शान्ति निमार्णका एजेण्डालाई समेत पर्न नदिने लक्ष्य राखेको छ ।

रणनीतिले नेपालको विकासमा विकास साझेदारहरूको समग्र सहयोगलाई परिभाषित गर्ने प्रयास गर्दैन । बरू यसले विकासका शान्तिसम्बन्धी आयामहरू र समग्र विकासका एजेण्डामा त्यसलाई कसरी समाहित गराउने भन्ने बारेमा केन्द्रित हुने प्रयास गरेको छ । विकासको सम्पूर्ण शृङ्खलालाई सम्बोधन गर्ने प्रयास गर्नुभन्दा पनि यस रणनीतिलाई नेपालको सङ्क्रमणकालको शान्ति निर्माणका निर्दिष्ट प्राथमिकताहरूलाई अझ केन्द्रित बनाउने प्रयासका रूपमा हेरिनुपर्दछ ।

रणनीतिलाई चार भागमा विभाजन गरिएको छ । अध्याय २ ले विस्तृत शान्ति सम्झौताको विश्लेषण र रणनीतिको आधारभूत अवधारणालाई प्रस्तुत गर्दै विकास साझेदारका लागि प्रगति, चुनौतीहरू र प्रभावहरूलाई पहिचान गर्ने काम गरेको छ । यसमा महत्वपूर्ण ऐतिहासिक सम्झौताका विकाससम्बन्धी आयामहरूमाथि प्रकाश पारिएको छ । अध्याय ३ ले आगामी १२ देखि २४ महिनाका गर्नुपर्ने शान्तिका अल्पकालीन प्राथमिकताहरूलाई पहिचान गरेको छ । अध्याय ४ ले विस्तृत शान्ति सम्झौतामा उल्लेखित दीर्घकालीन संक्रमणकालीन मुद्दाहरू र यी मुद्दाहरूलाई आगामी पाँच वर्षसम्म कसरी अगाडी बढाउन सकिन्छ र बढाउनु पर्छ भन्ने बारेमा चर्चा गर्दछ । अन्त्यमा, अध्याय ५ ले नेपालमा शान्ति र विकासका लागि विकास साझेदारहरूले कसरी बढी समन्वयात्मकरुपमा आफ्ना आवद्धता र साझेदारीमार्फत् योगदान पुऱ्याउन सक्छन् भन्ने विषयमा प्रकाश पारेको छ । रणनीतिको साथमा एउटा कार्य योजना पनि रहनेछ । यसले कुन विकास साझेदारले रणनीतिमा उल्लेखित कुन निश्चित कार्यक्रममा सहयोग पुऱ्याउन सक्छ भन्ने पनि प्रष्ट पार्दछ ।

## विस्तृत शान्ति सम्झौता र भावी चुनौतीहरू

विस्तृत शान्ति सम्झौतापछि हालसम्म धेरै महत्वपूर्ण उपलब्धीहरू हासिल भएका छन्, जसमा युद्धविरामको कडाइका साथ पालना हुनु, प्रमाणित ४,००८ जना नाबालिग र ढिला भर्ती भएकाहरूको बहिर्गमन र समग्रमा शान्तिपूर्ण र नियमित प्रक्रियामा सम्पन्न संविधान सभाको निर्वाचन रहेका छन् । यो रणनीति तयार पार्दासम्ममा शान्ति सम्झौताका 'प्रगतितर्फ उन्मुख' पक्षहरूमा १९,६०२ प्रमाणित माओवादी सेनाका सदस्यहरूको समायोजनको मुद्दासम्बन्धी भएका वार्ताहरू, नयाँ संविधानको लेखन र सङ्घीयताको प्रारूप तयार गर्ने कार्य, भेदभाव र बहिष्करणलाई अन्त्य गर्ने नयाँ कदमहरू र अन्तरिम राहत रकमको भुक्तानी जस्ता विषयहरु रहेका छन् । तथापि शान्ति सम्झौताका महत्वपूर्ण पक्षहरूमाथि पर्याप्त ध्यान अझै पुग्न सकेको छैन । त्यस्ता विषयहरुमा द्वन्द्वसँग सम्बन्धित अपराधको अभियोजन, जग्गा तथा सम्पत्तिका विषयमा प्रगति र जवाफदेही स्थानीय सरकारको पुनःस्थापनाजस्ता महत्वपूर्ण मुद्दाहरू रहेका छन् ।

विस्तृत शान्ति सम्झौतामा उल्लेखित एजेण्डा कार्यान्वयनका धेरै चुनौतीहरू रहेका छन् । दलहरूबीच जारी तनावका कारण दीर्घकालीन संक्रमणकालका प्रश्नहरूसमेत ओझेल पर्नसक्ने गरी सबै उर्जा तत्कालीन मुद्दाहरूमा केन्द्रित भएको अवस्था छ । सुरक्षा र न्यायको क्षेत्रमा आधारभूत सुधार नभएकाले शान्ति सुरक्षाको क्षेत्रमा जनसमर्थन र जनविश्वास हासिल गर्ने कार्य कठिन हुनपुगेको छ । पहिचानमा आधारित राजनीतिक आन्दोलनमा आएको वृद्धिले गर्दा सङ्घीयतातर्फको यात्रा विवादास्पद र सम्भावित रुपले अस्थिरताउन्मुख रहेको छ । नेपालमा जारी संक्रमणकालीन प्रक्रियाको दीर्घकालीन प्रकृतिलाई ध्यानमा राख्दै विकास साझेदारहरूले यस प्रकारका चुनौतीहरूलाई सम्बोधन गर्नुपर्छ । यसका लागि उनीहरुले साझा विश्लेषण र प्राथमिकताका आधारमा काम गर्नुपर्दछ । तरल अवस्था, नयाँ राजनीतिक पात्रहरूको उदय र विश्वास निर्माण र संवादलाई विकास प्रयासका अभिन्न अंगको रुपमा स्थापना गर्न महत्वलाई दृष्टिगत गर्दा आगामी बर्षहरूमा ज्यादै लचकता अपनाउनु पनि आवश्यक हुनेछ ।

## अल्पकालीन शान्ति सहयोगका प्राथमिकताहरू

रणनीतिले उल्लेखनीय सङ्ख्यामा अल्पकालीन प्राथमिकताहरू ( १२ देखि २४ महिनासम्मका) पहिचान गरेको छ, जसमा गरिने लगानीले शान्ति प्रक्रियामा तत्काल प्रभाव पार्न सक्छ ।

पहिलो समूहका प्राथमिकताहरूका लागि विकास साझेदारहरूबाट विभिन्न कार्यक्रमहरूमार्फत् सक्रिय सहयोग प्राप्त भइसकेको छ । यो सहयोगलाई दिगो बनाउन आवश्यक छ । यसमा बाँकी रहेका जमिनमुनी बिछ्याइएका विद्युतीय धरापहरू हटाउने कार्य र शिविरहरूबाट बहिर्गमन भएका नाबालिग र ढिला भर्ती भएकाहरूको पुनःस्थापना कार्यका साथै संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद प्रस्ताव १६१२ अनुरूप यो समूहको अनुगमनका लागि प्राप्त सहयोग समावेश छ । बेरोजगार र असन्तुष्ट युवाहरूलाई शान्ति बिथोल्नेहरूबाट परिचालित हुने जोखिमबाट टाढा राख्न आगामी तीन बर्षमा करीब ४५ लाख रोजगारको सिर्जना गर्नु आवश्यक छ । नेपालको नयाँ संविधान सफलतापूर्वक जारी हुनु शान्ति प्रक्रियाको अर्को अति महत्वपूर्ण पाटो हो । त्यसका लागि शुरुवाती कार्यान्वयनका व्यवस्थाहरूमाथि बढ्दो ध्यानसहित निरन्तर सहयोगको आवश्यकता पर्नेछ । सामाजिक समावेशीकरण, राजनीतिक सहभागिता र जवाफदेही प्रजातन्त्रलाई सुनिश्चित गर्ने एउटा निर्णायक माध्यमका रूपमा निर्वाचनको महत्वलाई दृष्टिगत गर्दा मतदाता नामावली दर्ता प्रक्रियाका लागि जारी सहयोग पनि ज्यादै महत्वपूर्ण छ । द्वन्द्व प्रभावितका लागि छात्रवृत्ति, व्यावसायिक तालिम, मनोसामाजिक परामर्श, पुनःस्थापन र केही अवस्थामा सिधा भुक्तानीमार्फत् विकास साझेदारहरूबाट प्राप्त प्रत्यक्ष र अप्रत्यक्ष सहयोग आगामी दुई वर्षका लागि महत्वपूर्ण रहने अपेक्षा गरिएको छ । स्थानीय द्वन्द्व रूपान्तरण, राजनीतिक संवाद र मध्यस्थताका संयन्त्रले आउँदा महिनाहरूमा महत्वपूर्ण भूमिका खेल्नेछ र त्यसका लागि दिगो सहयोग आवश्यक हुन्छ । संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद प्रस्ताव १३२५

र १८२० सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि सहयोगलाई पनि उच्च प्राथमिकताका रूपमा लिइएको छ । द्वन्द्वका क्रममा ध्वस्त भएका वा क्षति पूगेका पूर्वाधारको पुनःनिर्माण कार्य पनि सम्पन्न हुन बाँकी नै छ । त्यसका लागि पनि निरन्तर ध्यान दिन आवश्यक छ । अझ बृहतरूपमा हेर्दा विकास साझेदारहरूले नागरिकहरूलाई शान्तिका प्रतिफलहरू प्रदान गर्न सरकारलाई अझ स्पष्ट रूपमा सहयोग पुऱ्याउन विद्यमान प्रयासहरूलाई बढाउन सक्नेछन् र त्यसमा रणनीतिले सम्भावित सहयोगका लागि यी क्षेत्रहरु पहिचान गरेको छ : विद्यालय भवन र आर्थिक सहयोग; घुम्ती स्वास्थ्य शिविर र स्वास्थ्य सामग्रीहरूको आपूर्ति; लक्षित खानेपानी र सरसफाई कार्यक्रमहरू; खाद्य सुरक्षा; विद्यालय बाहिर रहेका किशोर-किशोरीका लागि शिक्षा कार्यक्रम ; र लिङ्गमा आधारित हिंसाका पीडितहरूका लागि आपतकालीन केन्द्रहरू ।

अपेक्षा गरिएको दोस्रो समूहका अल्पकालीन प्राथमिकताहरू राजनीतिक वार्ता सम्झौताहरूमा हुने प्रगतिमा ज्यादै निर्भर छन् । सर्वत्र अपेक्षा गरिएको सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्तासम्बन्धी खोजबीन आयोग संविधान सभाबाट गठित भएपश्चात् विकास सहयोगको आवश्यकता पर्नेछ । शिविरहरूका लागि जारी सहयोगले पनि निरन्तरता पाउनेछ । र यो आवश्यकता माओवादी सेनाका १९,६०२ प्रमाणित सदस्यहरू त्यहाँ रहेसम्म र उनीहरूको भविष्यबारे पुनःस्थापना वा समायोजनका लागि सम्झौता भएसम्मका लागि विद्यमान रहनेछ । त्यसै गरी साझेदारहरूले विस्तृतशान्ति सम्झौतामा सहमति भए अनुरूप द्वन्द्वमा कब्जा गरिएका सम्पत्तिको विस्तृत अभिलेख तयार गरी त्यसको निष्पक्ष प्रतिस्थापन वा फिर्ता गर्न आवश्यक नीति र संयन्त्रहरूको विकास गर्न सरकारलाई सहयोग गर्न सक्छन् । शान्ति सुव्यवस्थामा सुधार ल्याउने कार्य पनि सरकार र विकास साझेदारहरूको समान प्राथमिकताका रूपमा रहेको छ । अझ बढी समावेशी, प्रभावकारी र मानव अधिकारमा केन्द्रित शान्ति सुव्यवस्था कायम राख्ने निकायहरू, स्वतन्त्र प्रहरी आयोग र न्याय क्षेत्रमा संस्थागत सुधार यस रणनीतिमा पहिचान गरिएका विस्तारित अरु सहयोगका सम्भावित क्षेत्रहरू हुन् ।

अन्त्यमा, हालसम्म शान्ति प्रक्रियामा निकै संघर्ष पछि प्राप्त उपलब्धीहरू खेर जानसक्ने जोखिमहरूलाई न्यूनीकरण गर्न सहयोग पुग्ने केही अल्पकालीन कदमहरू रहेका छन् । शान्ति प्रक्रियामा व्यापक र गहन हुँदै गएको नागरिकहरूको संलग्नताले सामान्यतया सम्भावित शान्ति विथोल्ने तत्वहरूभन्दा 'शान्तिका रक्षकहरू'को संख्या निकै ठूलो हुनेछ भन्ने कुरा सुनिश्चित गर्न मद्दत गर्दछ । यसै सन्दर्भमा शान्ति प्रक्रियामाथि विश्वास बढाउने र के भइरहेको छ भन्ने बारेमा रहेका अपेक्षा तथा आकांक्षाहरूलाई व्यवस्थापन गर्न एउटा राष्ट्रिय शान्ति सञ्चार रणनीति र अन्य प्रयासहरू सहयोगी हुनसक्छन् । कुनै प्रकारको एउटा पूर्वचेतावनी संयन्त्रलाई पनि एउटा सम्भावित महत्वपूर्ण निवारणात्मक लगानीका रूपमा पहिचान गरिएको छ ।

**दीर्घकालीन शान्ति निर्माणका प्राथमिकताहरू**

नेपालको हालसम्मको अनुभवले विस्तृत शान्ति सम्झौतालाई द्वन्द्व अन्त्यको पर्याय ठान्ने, निर्वाचनलाई प्रजातन्त्रकै दर्जामा तुलना गर्ने वा राजनैतिक समावेशीकरण मात्रैले 'समस्याको जड'लाई सम्बोधन गर्छ भन्नेजस्ता साधारण विश्लेषण विरुद्ध सचेत गराउँछ । विशेषगरी यस्तो कार्यको दीर्घकालीन प्रकृतिलाई दृष्टिगत गर्दा नेपालमा शान्ति निर्माण एजेण्डाको केन्द्रविन्दुमा रहेका दीर्घकालीन संरचनागत सुधारका लागि विकास सहयोग अहिले नै थाल्नुपर्ने कुरालाई रणनीतिले महत्वका साथ लिएको छ ।

शान्ति निर्माणका लागि मध्यम समयावधिका देखि दीर्घकालीन प्राथमिकताहरुको पहिचान गर्दा संवेदनशील राजनैतिक शान्तिको वातावरणलाई टेवा पुऱ्याउँदै र स्थानीय तवरकै नेतृत्वमा अघि बढ्नुपर्ने एजेण्डामाथि हस्तक्षेप नगरीकनै विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका व्यापक रुपान्तरणका मुद्दाहरुलाई विकास साझेदारहरुले कसरी अगाडि बढाउन सहयोग गर्न सक्छन् भन्ने कुरामा यस रणनीतिले स्पष्ट बोलेको छ । यस सन्दर्भमा शान्ति तथा विकास रणनीतिले विस्तृत शान्ति सम्झौतामा उल्लेखित सामाजिक समावेशीकरण, विधिको शासन, सुरक्षा क्षेत्र रुपान्तरण र सुधार, भूमि सुधार, असल शासन, तथा समावेशी वृद्धिविकास, राज्य पुनर्संचना र रोजगार वृद्धिजस्ता दीर्घकालीन एजेण्डाहरुमा जोड दिएको छ ।

सामाजिक समावेशीकरण विस्तृत शान्ति सम्झौताको केन्द्रीय विषयवस्तु हो । महिला तथा परम्परागतरुपमा बहिष्करणमा परेका समूहहरुको राजनैतिक प्रतिनिधित्वका सवालमा प्रगति हासिल भएतापनि सम्बोधन गरिनुपर्ने मुद्दाहरु अझै थुप्रै बाँकी छन् । संविधानमा समावेशीकरणको मुद्दालाई कसरी सम्बोधन गरिन्छ ? विशेष गरी ऐतिहासिक रुपले सीमान्तीकरणमा परेका समूहहरु तथा जनताका लागि नयाँ संघीय शासन व्यवस्थामा समावेशीकरणका नियन्त्रण एवं सन्तुलनका उपायहरु के-कस्ता हुन्छन् ? विभेदकारी प्रचलनहरु अन्त्य गर्न अझ के गर्नु आवश्यक हुन्छ ?आदि ।

सम्भाव्य विकास सहयोगका क्षेत्रहरुमा लैङ्गिक तथा सामाजिक अवस्थाका हिसाबले मसिनो रुपमा खण्डीकृत/वर्गीकृत तथ्याङ्क संकलन; चालू विस्तारित क्षेत्र अवधारणाहरुमा लैङ्गिक एवं सामाजिक समावेशीकरणसम्बन्धी सूचनाहरुको राम्रो प्रयोग; निजामति सेवामा सकारात्मक पहलका कार्यक्रमहरुमा सहयोग तथा विभेदकारी कानुनहरुको अन्त्य; समावेशीमूलक छात्रवृत्तिहरुको वृद्धि-विस्तार र आईएलओ महासन्धि १६९ बारे नागरिक पहुँचका कार्यक्रमहरु समावेश छन् । समग्रमा रणनीतिले कोषहरुलाई अझ बढी लक्ष्य केन्द्रित हुनुपर्ने र ती समष्टिगत आवश्यकता विश्लेषणमा आधारित हुनुपर्ने एवं सुधार थालिएका हरेक तहहरुमा समावेशीकरणको मुद्दाप्रति उच्च संवेदनशीलता अपनाई कार्यक्रमहरु कार्यान्वयन गरिनुपर्ने जिकिर गरेको छ ।

विधिको शासन विस्तृत शान्ति सम्झौतामा उल्लेखित लगभग हरेक प्रावधान कार्यान्वयन गराउनका लागि नभै नहुने पूर्वशर्त हुन् । जहाँ विधिको शासन कमजोर हुन्छ, त्यहाँ सरकारप्रतिको जनविश्वास पनि कमजोर हुन्छ । यस क्षेत्रमा हासिल गरिएका केही मध्यम उपलब्धीहरुका वावजूद पनि भ्रष्टाचार, राजनैतिक हस्तक्षेप र दण्डहीनताका मुद्दाहरु अद्यापि कायमै छन् । सरकारलाई यस्तो ज्यादै मिश्रितखालको क्षेत्र -जुन राजनैतिक तथा स्रोतजन्य सीमिततामा भर पर्दछ-का समस्याहरुको समाधानमा सहयोग गर्नु चुनौतीपूर्ण छ । तर पनि न्यायमा पहुँच बढाउन सरकारलाई सहयोग गर्नुको मूख्य औचित्य र यस क्षेत्रमा संयोजित क्षेत्रगत सहयोग प्रदान गर्नुको महत्वलाई विकास साझेदारहरुले राम्ररी बुझेका छन् । यस रणनीतिमा विस्तारित सहयोगका लागि पहिचान गरिएका सम्भाव्य क्षेत्रहरुमा, नयाँ विधायिकी ऐन कानुनहरुको कार्यान्वयनमा सहयोग; मुद्दाहरुको प्रभावकारी अभियोजन/सम्पादन तथा फैसलाहरुको कार्यान्वयन; न्यायमा पहुँच बढाउनका लागि गरिने प्रयासहरुको वृद्धि; न्यायपालिका तथा सुरक्षा सेवाहरुलाई समावेशी बनाउने प्रयासहरु; विवाह, जन्म-मृत्यु दर्ता/प्रमाणीकरण कार्यमा सहयोग तथा नागरिकताका क्षेत्रमा हुने सहयोग; आवश्यकता मूल्याङ्कन गर्न आवश्यक सहयोग; र विधिको शासनका लागि रणनीति विकाससम्बन्धी सहयोग समावेश छन् ।

जनताको पूर्ण विश्वास जित्ने गरी र सार्वजनिक सुरक्षाको अभिवृद्धि हुने गरी सुरक्षा क्षेत्रलाई रुपान्तरण गर्नु नेपालको सफल शान्ति प्रक्रियाको अभिन्न अङ्ग हो । नेपाललाई एकीकृत सुरक्षा क्षेत्रको खाँचो छ, जुन प्रभावकारी, उपयुक्त, धान्न सकिने, समावेशी र लोकतान्त्रिकरुपमा निर्वाचित सरकारप्रति जवाफदेही रहन्छ । विस्तृत शान्ति सम्झौताले नेपाली सेनाको 'लोकतान्त्रीकरण' गर्नुपर्ने उल्लेख छ । साथै प्रहरी व्यवस्थालाई समग्रमा सुदृढ बनाइनुपर्ने र अझै राम्रो समन्वय कायम गरिनुपर्ने आवश्यकता छ । तर यी गतिविधिहरुका लागि चाहिने राजनैतिक सहमति अझै पनि बन्न सकेको छैन । तैपनि यही सहमति बन्ने विश्वासमा आधारित रही विकास साझेदारहरुले सरकारलाई सम्भाव्य यी क्षेत्रहरुमा सहयोग गर्न सक्छन्,जस्तै-राष्ट्रिय सुरक्षा रणनीति तर्जुमा, वृहत्तर कानुनी तथा नीतिगत खाका निर्माण, प्रहरी कार्यसम्पादनमा सुधारका उपायहरु र प्रभावकारी नागरिक अनुगमन संयन्त्रहरुको निर्माणकार्य आदि ।

भूमि सुधार विस्तृत शान्ति सम्झौताको मूख्य अङ्ग हो र भूमिविहिनता तथा भूस्वामित्वको असुरक्षाजस्ता विषयहरु ग्रामीण गरीबी, सामाजिक अन्याय र खाद्य असुरक्षाका मूख्य कारक हुन् । कृषिमा संलग्न ३३ लाख ६० हजार घरधूरीहरुमध्ये झण्डै आधाजसोसँग जीविकोपार्जन गर्नका लागि समेत भूमि अपर्याप्त भएको तथ्यले भूमिमाथि दवाव बढ्दै गइरहेको देखाउँछ । यस क्षेत्रमा भूमिहीन, विपन्न तथा सामाजिकरुपमा लाभबाट बञ्चित समुदायहरुलगायत व्यापक सम्पत्ति अधिकारका पक्षधर जग्गाधनीहरुले राखेका सुधारका अपेक्षाहरु धेरै नै छन् । भूमि सुधार प्रक्रियाको ज्यादै राजनैतिक र सार्वभौम प्रकृतिका कारण र त्यसमा पनि द्वन्द्वताका नष्ट हुन पुगेका थुप्रै भूमिसम्बन्धीका अभिलेख तथा नक्साहरुका कारण अझ जटिल बन्न पुगेको यस समस्याको समाधानका लागि ज्यादै सहभागितामूलक र वार्तामा आधारित अवधारणामा काम गर्नु जरुरी हुन्छ । राजनैतिक तहबाट यस विषयमा टुंगो लागिसकेपछि विकास साझेदारहरुले यस जटिल प्रक्रियामा ती सुधार कार्यक्रम कार्यान्वयन गर्न आवश्यक उपयुक्त वातावरणको प्रवर्द्धन गरी सहयोग गर्न सक्छन् । त्यस्ता सहयोगका सम्भाव्य क्षेत्रहरुमा बँधुवा मजदूरहरुलाई सहयोग; भूमि एवं सम्पत्तिमाथि महिलाको पहुँचमा वृद्धि; नष्ट हुन पुगेका कित्ता नापी नक्सा तथा भूमिसम्बन्धी अभिलेखहरुको पुनर्स्थापना वा प्रतिस्थापना; राष्ट्रिय भूमि नीति तथा भूमि उपयोग नीतिहरुको कार्यान्वयन; भूमि अभिलेखहरुको प्रशासनिक कार्य, तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन; र भूमि व्यवस्थापनसम्बन्धी संस्थागत क्षमता अभिवृद्धिजस्ता विषय समावेश छन् ।

असल शासनलाई राज्यमाथि जनताको विश्वास बढाउन र यसको वैधतालाई सुदृढ तुल्याउन पूर्व शर्तका रुपमा लिइन्छ । यी दुवै शान्तिका लागि गरिने प्रयासका महत्वपूर्ण खम्बाहरु हुन् । विस्तृत शान्ति सम्झौताले प्रतिनिधिमूलक, जवाफदेही, पारदर्शी तथा सहभागितामूलक लोकतन्त्रप्रतिको प्रतिवद्धतालाई बल पुऱ्याउँछ । तर असल शासन सुदृढ गर्न दीर्घकालीन, जटिल र बहुआयामिक एजेण्डा हो । असल शासनसम्बन्धी नेपालले ध्यान पुऱ्याउनुपर्ने चुनौतीहरु धेरै छन् । खास गरी त्यस्ता चुनौतीहरु राजनैतिक स्थिरता, जवाफदेहिता, सरकारको प्रभावकारिता, नियमनकारी व्यवस्थाको गुणस्तर र भ्रष्टाचार नियन्त्रणजस्ता विषयहरुसँग सम्बन्धित छन् । यी कमीकमजोरीहरुका कारण राजनीतिज्ञहरुप्रति, कार्यकारीप्रति र कुशल प्रभावकारी समतामूलक तथा जवाफदेही ढंगबाट सेवा प्रवाह/प्रदान गर्ने राज्यकै क्षमताप्रति जनताको विश्वासमा असर पर्दछ । यस पाटोमा पनि विकास साझेदारहरुले सहयोग पुऱ्याउनसक्ने सम्भाव्य केही क्षेत्रहरु छन्- उदाहरणका लागि, यसमा सेवाप्रवाहसम्बन्धी जवाफदेहिता, पारदर्शिता, प्रभावकारितामा सुधार ल्याउन स्थानीय सरकारको ‘माग’ पक्षलाई सुदृढ गर्ने कार्य, अनुगमनलाई प्रभावकारी तुल्याउने कार्य र भ्रष्टाचारविरुद्धका विशेष पहलहरुजस्ता विषय समावेश छन् ।

असमानताले असन्तोषको भावनालाई बल पुऱ्याउँछ र राजनैतिक अस्थिरतालाई बढावा दिन त्यसको दुरुपयोग हुनसक्छ । असमानताको अवस्था हेर्दा एशियाका सबैभन्दा उच्च असमानता रहेका मुलुकहरुमध्येको एक नेपाल हो । त्यस्ता सामाजिक असमानताले नेपालको शान्ति निर्माण र विकास प्रयासलाई मात्रै होइन आर्थिक विकासलाई समेत नकारात्मक असर पारेको छ । औपचारिक तथा अनौपचारिक नियमहरु र संरचनाहरुले पनि निश्चित समूहहरुलाई उनीहरुको जात, जातीयता, धर्म र लिङ्गका आधारमा आर्थिक अवसरहरुको पहुँचबाट बञ्चित गराउँछन् । शिक्षाका स्तरहरुमा हुने असमानता, सेवाहरुमा पहुँचसम्बन्धी कुनै समुदाय विशेषका लागि विभेदकारी व्यवस्था, ग्रामीण क्षेत्रहरुमा अल्प वा न्यून रोजगारीको मात्रा उच्च रहनु र सुस्त गतिको कृषि क्षेत्रका कारण समावेशी आर्थिक वृद्धिको कुरामा पनि सम्झौता गर्नुपरेको अवस्था छ । सरकारका सामु विद्यमान चुनौतीहरुमा रोजगारीका अवसरहरुमा पहुँच दिलाएर आर्थिक, सामाजिक तथा लैङ्गिक समावेशीकरण प्रवर्द्धन गर्नु रहेको छ । साथै शिक्षा एवं तालिममा विस्तारित तथा बढी समतामूलक पहुँच दिलाउनु; उत्पादनमूलक सरसम्पत्तितको पहुँच र अधिकारका सवालहरुमा सुधार ल्याउनु; र बढी प्रभावकारी एवं लक्ष्य केन्द्रित सामाजिक संरक्षणका व्यवस्थाहरुलाई संस्थागत गर्नुपर्ने चुनौतीहरु पनि विद्यमान छन् । विकास साझेदारहरुले यी क्षेत्रहरुमा पनि सहयोग गर्न सक्छन् । उनीहरुले प्राथमिकताका साथ सरकारलाई अझ बढी लक्षित छात्रवृत्तिहरु प्रदान गराउन, रकम निकासा गराउन, असमानतासम्बन्धी परिमार्जित तथ्याङ्क सङ्कलन गर्न, पूर्वाधारजन्य सेवाआपूर्ति बढाउन र श्रम स्थानान्तरणसम्बन्धी नीति नियममा सुधार गर्ने कार्यमा सहयोग गर्न सक्छन् ।

संघीयता कार्यान्वयन गर्नका लागि राज्यको पुनर्संरचना गर्ने कार्य सामाजिक समावेशीकरणको विषयसँग सोझै जोडिएको विषय हो । यसमा अविभेद, समानुपातिक प्रतिनिधित्व, कोटा, सकारात्मक पहल र मौलिक अधिकारहरुजस्ता विषय समेट्ने दूरगामी प्रकृतिका प्रावधानहरु रहन्छन् । राज्यको पुनर्संरचनासम्बन्धी थुप्रै

मुद्दाहरुमा अन्यौलता र राजनैतिक सहमतिको अभाव कायमै छ । कार्यान्वयनका चरणमा पनि थुप्रै चुनौतीहरु आइलाग्नेछन्, जसले गर्दा धेरै नेपालीहरुमा लाभबाट वञ्चित गराइएको अनुभूति हुन सक्छ वा कमजोर रुपमा व्यवस्थापन गरिएका प्रक्रियाहरुप्रति नकारात्मक भावना जगाउन सक्छ । ती चुनौतीहरु त्यस्ता संरचनाहरुसँग सम्बन्धित हुनसक्छन्, जसले जनमानसका अपेक्षाहरु सम्बोधन नै गर्न सक्तैनन् । सरकारका नयाँ एकाइहरुको पर्याप्त लोकतान्त्रिक सशक्तीकरण गर्न अत्यन्त जरुरी हुने भएता पनि विकास साझेदारहरुका अगाडि संघीयता र अधिकार निक्षेपणका विषयहरुले स्रोतसाधन, समन्वय र कार्यक्रम पुनर्समायोजन गर्ने सवालहरुमा नयाँ चुनौतीहरु खडा गरिदिनेछन् । राज्य पुनर्संरचना कार्यलाई साझेदारहरु तथा राष्ट्रिय एवं उप-राष्ट्रिय सरकारहरु दुवैले संक्रमणकाल एवं पुनर्संरचनासम्बन्धी संयन्त्र स्थापना गर्ने प्रतिबद्धता जनाएर सहयोग गर्नु आवश्यक हुनेछ । यसका लागि उल्लेख्य मात्रामा स्रोतसाधन र योजना निर्माण गर्नु आवश्यक हुनेछ । विकास साझेदारहरुले यस्तो संक्रमणकालीन व्यवस्थापनमा संलग्न सरकारी निकायहरुको क्षमता अभिवृद्धि गर्न र लैङ्गिक रुपमा संवेदनशील, मानव अधिकारमा आधारित तथा समावेशी सेवा प्रदान गर्ने कार्यमा उनीहरुको सीप तथा क्षमता बढाउन सहयोग गर्न सक्छन् ।

रोजगारीको बढ्दो मागलाई सम्बोधन गर्न रोजगारीका अवसरहरु बढाउनुपर्दछ । नेपालको सम्पूर्ण  जनशक्तिमध्ये छ भागको एक भागमात्र तलब पाउने रोजगारीमा संलग्न छ । व्यापक क्षेत्र रोजगारी बढाउने खालका परियोजनाले शान्ति र विकासका लागि ठोस सहयोग पुग्नसक्छ । तर युवा समूहलाई शान्तिको ठोस प्रतिफल दिलाउन रोजगारीका अवसरहरुमा बढोत्तरी, आय उपार्जन तथा उनीहरुको सशक्तीकरणका उपायहरु खोज्नु जरुरी हुन्छ किनकि विशेष गरी यो उमेर समूह शान्ति बिथोल्नेहरुको भड्काउमा लाग्नसक्ने खतरा बढी हुन्छ । विकास साझेदारहरु रोजगारीका अवसरहरु वृद्धि गर्ने विभिन्न उपायहरुहरुलाई सहयोग गर्न इच्छुक छन् । ती उपायहरुमा रोजगारी सम्बन्धमा राष्ट्रिय कार्ययोजना निर्माण गर्नु; समावेशी प्रकृतिका सरकारी रोजगारीका अवसरहरु सिर्जना गर्नु; लगानी र दिगो उद्यमका लागि अनुकूल वातावरणको सिर्जना गर्नु, प्राविधिक एवं व्यावसायिक तालिम उपलब्ध गराउनु, लघुवित्त कार्यक्रमहरुमा सहयोग गर्नु र अन्तरराष्ट्रिय श्रमिक आप्रवासीका रुपमा मुलुकबाहिर रहेका ठूलो संख्याका नेपाली जनसमुदायको अवस्था सुधारका कार्यक्रमहरुमा सहयोग पुऱ्याउनु रहेको छ ।

**शान्ति निर्माणमा सहयोग गर्न नयाँ अवधारणाहरु**

नेपालमा शान्ति र विकाससम्बन्धी योगदानमा अभिवृद्धि गर्नुका साथै सहायता परिचालन गर्ने तरिकालाई सुधार गर्न पनि तत्पर छन् । राष्ट्र निर्माण र शान्ति निर्माण अभिन्न रूपमा जोडिएका, दीर्घकालीन र ज्यादै जटिल राजनीतिक प्रक्रियाहरू हुन् । विकास साझेदारहरू अन्तरराष्ट्रिय अनुभवहरूबाट सिकिएका सान्दर्भिक कुराहरू यहाँ लागू गर्दा आइपर्ने नेपालका जटिल राजनीतिक र सामाजिक विशिष्टताहरु मध्यनजर गर्नुपर्ने कुरामा सजग छन् । यो रणनीतिले कमजोर अवस्थामा रहेका राष्ट्रहरूमा विकास प्रभावकारिता, संयोजन र सञ्चालनमा अन्तरराष्ट्रिय सम्झौताहरू अनुरुप काम गर्ने उपायहरूको रूपरेखा तयार पारेको छ । आर्थिक सहयोग तथा विकास सङ्गठन (ओ ई सी डी)को विकास सहयोग समिति (डिएसी)का *कमजोर अवस्थामा रहेका राष्ट्र र अवस्थाहरूमा अन्तरराष्ट्रिय संलग्नताका असल सिद्धान्तहरू* (OECD/DAC *Principles for Good International Engagement in Fragile States and Situations)* नेपालको विकासका सबै साझेदारहरूले अवलम्बन गर्नुपर्दछ । यी सिद्धान्तहरु खासगरी परिस्थितिजन्य विश्लेषणको अनुगमन कार्यमा र सो विश्लेषबाट प्राप्त निष्कर्षहरूलाई कार्यक्रमहरुमा प्रतिविम्बित गर्ने सन्दर्भमा लागू गरिनुपर्दछन् । विकास सहयोग समितिका सिद्धान्तहरूले कोषबारे पूर्वानुमान लगाउन सकिने कुरा, यथार्थपरक योजना र समयसीमाको महत्वलगायत अवसरहरूबाट लाभ लिनका लागि लचकताको आवश्यकता हुन्छ भन्ने कुरामा पनि जोड दिन्छन् ।

साझेदारहरूले सरकारसँग अझ नजिक रहेर काम गर्नुपर्ने आवश्यकतालाई महत्व दिन्छन् । शान्ति र विकास रणनीतिको मूल आशय पनि सरकारको वैदेशिक सहायता नीति तथा कार्ययोजनाको प्रभावकारितामा टेवा पुऱ्याउने रहेको छ । विकास साझेदारहरूले सहायताको प्रभावकारिताका लागि पेरिस घोषणा र अन्य

दस्तावेजहरूमा तय गरिएका अन्तरराष्ट्रिय संयोजन र आवद्धतासम्बन्धी कार्यसूचीका आधारमा अझ बढी काम गर्नेछन् भन्ने नेपाल सरकारको ठूलो अपेक्षा रहेको छ । नेपालमा दुईवटा क्षेत्रगत अवधारणा (SWAps) लगायत विभिन्न प्रकारका संयोजित र सामञ्जस्यपूर्ण कार्यशैलीहरुको प्रयोग गर्दै पेरिस घोषणामा तय गरिएका प्रतिवद्धताहरू पूरा गर्ने कार्यमा विकास साझेदारहरूबाट केही प्रगति भएको छ । तर यस्तो सामञ्जस्यता (एकरुपताको अर्थमा) कायम गर्ने कार्य र सरकार तथा विकास साझेदारहरूबीचको साझा जवाफदेहिताका कुरा पेरिस सिद्धान्तका त्यस्ता पक्षहरु हुन्, जसको पालना र कार्यान्वयन ज्यादै फितलो रहिआएको छ । साझेदारहरूले कोषको निकासाका साथै सरकारको कार्य प्रणाली र प्रक्रियामा रहेका कमीकमजोरीसम्बन्धी पनि चासो व्यक्त गरेका छन् । भावी प्रयत्नहरूले पेरिस घोषणामा उल्लेखित आपसी प्रतिवद्धताहरू सरकार र विकास साझेदारहरू दुवैबाट पूरा हुने सुनिश्चित गर्ने प्रणालीको सुदृढीकरण र वित्तीय व्यवस्थापनमा आफ्ना लक्ष्य केन्द्रित गर्नुपर्दछ ।

आफ्ना तर्फबाट नेपालका विकास साझेदारहरू निष्पक्ष रहन, मापनयोग्य नतिजालाई पुरस्कृत गर्ने र आफूले गरेका कार्यसम्पादनका लागि नेपाली जनताप्रति जवाफदेही हुने कार्यमा प्रतिवद्ध रहँदै आएका छन् । नेपालमा शान्ति निर्माणको कार्यमा आफ्ना अवधारणामा सुधार ल्याउने सन्दर्भमा आफूहरूबीच कामको अझ संयोजित विभाजन गर्न र विभिन्न भौगोलिक क्षेत्रहरुमा केन्द्रित भई काम गर्न प्रतिवद्ध छन् । साथै सङ्घीयतासम्बन्धी योजना निर्माण र सहयोग संयोजन कार्यमा सरकारसँग मिलेर काम गर्न, आफ्ना खर्च र नतिजाहरूसम्बन्धी बढी पारदर्शिता उपलब्ध गराउन, सबै नयाँ कार्यक्रमहरूमा द्वन्द्व-संवेदनशील विकास अवधारणाहरुलाई मूल प्रवाहीकरण गर्न र परम्परागत रूपमा बहिष्करणमा परेका समुदायहरूमा आफ्ना प्रभाव वृद्धि गर्न पनि उनीहरू प्रतिवद्ध छन् ।

अझ ठोस रूपमा भन्दा नेपालको विकासका लागि दिइने सहायताले शान्ति निर्माणलाई सहयोग पुऱ्याओस् भन्ने ध्येयका साथ प्रमुख साधन तथा संयन्त्रहरुलाई अझ राम्ररी संयोजन गर्नुका साथै तिनको भूमिका निर्धारण गर्न सकिन्छ । शान्ति निर्माणमा प्रभावकारी वैदेशिक सहायता संयोजनको थप प्रवर्द्धनका लागि शान्ति तथा पुनःस्थापना मन्त्रालयका सचिवबाट अध्यक्षता गरिएको नेपाल शान्ति कोषका लागि संयोजनकारी संयन्त्रका रुपमा रहेको सरकार-दाता सल्लाहकार समूहको अझै समुचित संलग्नता/प्रयोगमा ध्यान दिइनुपर्दछ । यो संयन्त्रले शान्ति निर्माणको कार्यक्रम र स्रोतसाधनहरुको सुदृढीकरण र समीक्षा; आग्रह भएको खण्डमा शान्ति निर्माणका मुद्दा एवं चुनौतीहरुसम्बन्धी सल्लाहको व्यवस्था; विकास साझेदारका कार्यक्रमहरूमा पृष्ठपोषणको प्रावधान; नेपाल शान्ति कोष, नेपालका लागि संयुक्त राष्ट्रसंघीय शान्ति कोष र विश्व बैंकद्वारा सहयोग गरिएको आपतकालीन शान्ति सहायता परियोजनामार्फत् सहयोगका प्रावधानहरूको संयोजन; र भावी शान्ति निर्माणका चुनौतीहरूका सम्बन्धमा सरकार र विकास साझेदारहरूबीच कामको बाँडफाँडजस्ता कार्यहरु गर्नुपर्दछ । अर्थमन्त्रालयको *नेपाल कार्य सम्पादन समीक्षा विभाग* (Nepal Portfolio Performance Review (NPPR)) प्रक्रियाहरुमा दाताहरूको सहभागितालाई पनि परियोजना कार्यान्वयन र विभागीय कार्य व्यवस्थापनसँग सम्बन्धित प्रणालीगत मुद्दाहरू समाधानको एउटा प्रभावकारी उपायका रूपमा पहिचान गरिएको छ । अन्त्यमा, यो रणनीतिले दाताहरूबीच सामञ्जस्यता तथा तालमेल अभिवृद्धि गर्ने र सरकारका विकासका प्राथमिकताहरू अनुरुप भूमिका तय गर्ने उद्देश्यका साथ नेपालका सबै साझेदारहरू, ओइसीडी/डीएसी दाताहरू, बहुपक्षीय र भारत तथा चीन जस्ता साझेदारहरूलाई एकै ठाउँमा ल्याउन खेलेको महत्वलाई दृष्टिगत गर्दा नेपाल विकास मञ्चका कामकारवाहीहरु अझै बढी नियमित हुनुपर्ने जिकिर गरेको छ । सन् २००४ मा भएको नेपाल विकास मञ्चको पछिल्लो बैठकलाई हेर्दा अब दोस्रो बैठक चाँडोभन्दा चाँडो हुनुपर्दछ भन्ने दाताहरुको तीव्र चाहना रहेको छ, जसले विकासका नतिजाहरू, सहायताको प्रभावकारी उपयोग र शान्ति निर्माण जस्ता विषयहरुमा ध्यान केन्द्रित गर्न सकोस् ।